# उद्योग, कृषि तथा सहकारी मन्त्रालय
## कोशी प्रदेश, बिराटनगर

## कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउने कार्यक्रममा ईच्छुक बैंक/ वित्तिय संस्था/सहकारीहरुलाई प्रस्ताव पेश गर्न म्याद थप सम्बन्धी सूचना

### दोश्रो पटक प्रकाशन मिति २०८१/१०/२१ गते

यस मन्त्रालयको चालु आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बैंक/वित्तिय संस्था/सहकारी संस्था मार्फत प्रवाह हुने कृषि कर्जामा ब्याज अनुदान कार्यक्रम संचालनका लागि **प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१** अनुसार प्रथम पटक मिति २०८१/१०/०४ गतेको गोरखापत्रमा प्रकाशन भएको १५ दिने सूचनाको म्याद समाप्त भई दोश्रो पटक सात दिन थप गरी यो सूचना प्रकाशन गरिएको छ । यस कार्यक्रम अन्तर्गत कृषि उद्यमीलाई कृषि कर्जा उपलब्ध गराई कार्यविधि अनुसार ब्याज अनुदान उपलब्ध गराउन कोशी प्रदेशमा कार्यरत ईच्छुक बैंक/वित्तिय संस्था/सहकारी संस्थालाइं कार्यविधिको अनुसुची-२ को ढाँचामा सूचना प्रकाशन भएको मितिले सात दिन भित्र (मिति २०८१/१०/२७ गते आईतवारसम्म ) कार्यालय समय भित्र मन्त्रालयमा प्रस्ताव पेश गर्न आव्हान गरिन्छ। कार्यविधि सम्बन्धी अन्य जानकारी र आवश्यक फारमहरु मन्त्रालयको वेब साईट www.moiac.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीको लागि यस मन्त्रालयको पशु चिकित्सक डा. देव कुमार दर्लामी मोबाईल नं. ९८५१३१३१११ र कृषि प्रसार अधिकृत श्री अभिमन्यू अधिकारी मोवाईल नं. ९८५२०३५०४९ मा सम्पर्क गर्न सकिनेछ ।